
# स्वागत छ

## COVID-19 को बारेमा जानकारी



U.S. Department of
Health and Human Services
Centers for Disease
Control and Prevention

CS317491-K
8/18, 2020 10PM

# स्वागत छ!

**यो प्याकेट तपाईं र तपाईंको परिवारलाई COVID-19 महामारीको दौरान संयुक्त राज्य अमेरिकामा तपाईंको आगमनपछि स्वस्थ रहन मद्दत पुर्‍याउनको लागि हो। यस प्याकेटलाई आफूसँगै राख्नुहोस् किनकि यसमा तपाईं र तपाईंको परिवारलाई COVID-19 को बारेमा पछ्याउन र जान्नको लागि मद्दत गर्ने महत्त्वपूर्ण जानकारी समावेश छ।**

# आफ्नो स्वास्थ्यको ख्याल राख्नुहोस्

COVID-19 भनेको एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्ने भाइरसद्वारा लाग्ने बिमारी हो। संयुक्त राज्य अमेरिकाको थुप्रै समुदायमा COVID-19 को केसहरु र मृत्युहरु रिपोर्ट गरिएका छन्। राज्य र स्थानीय सरकारहरूको COVID-19 को बारेमा भिन्नाभिन्नै नियम छन् र केही राज्य र स्थानीय सरकारहरूले हालैमा यात्रा गरेका यात्रुहरूलाई 14 दिनको लागि घरमै बस्न आवश्यक ठहर गर्छन्। तपाईंको रिसेटलमेंट एजेन्सी केस कार्यकर्ताले तपाईंलाई COVID-19 बारे तपाईंको नयाँ समुदायको जानकारी फेला पार्न मद्दत गर्नुहुन्छ।

तपाईंको यात्राको क्रममा तपाईलाई COVID-19 लाग्न सक्छ। तपाईंले स्वस्थ महसुस गरेपनि र कुनै लक्षणहरू नदेखाए पनि तपाईं अरूमा COVID-19 सार्न सक्नुहुन्छ। तपाईं र तपाईंको यात्राको साथीहरू (बच्चाहरू सहित) तपाईं भाइरसको सम्पर्कमा परेको 14 दिनसम्म तपाईंको परिवार, साथीहरू र समुदाय लगायत अन्य व्यक्तिहरूमा COVID-19 फैलाउन सक्नुहुन्छ।

## तसर्थ, आफू र अरूलाई बचाउन यी सावधानी अपनाउनुहोस्:



**आगमनपछिको पहिलो 14 दिनको लागि सकेसम्म घरमा बस्नुहोस्।** तपाईंको स्थानीय समुदाय भित्र कसरी सुरक्षित साथ घरका आधारभूत आवश्यकताहरू पूरा गर्ने भन्ने सल्लाहका लागि, "अत्यावश्यक कामहरू चालु" लाई तपाईंको भाषामा हेर्नुहोस्। https://bit.ly/nativelanguage



**COVID-19 बाट गम्भीर बिरामी हुने खतरामा रहेका व्यक्तिहरूबाट टाढै रहनुहोस्।** जोखिम बढी हुने व्यक्ति को हो भनेर जान्नको लागि "गम्भीर बिरामी हुने जोखिम बढ्ने व्यक्तिहरू" लाई तपाईंको भाषामा हेर्नुहोस्। https://bit.ly/nativelanguage




**अरूको वरिपरि हुँदा, तपाईंको घरपरिवार बाहेकको अन्य मानिसबाट कम्तीमा 2 मिटर (6 फिट) टाढा बस्नुहोस्। घर भित्र र बाहिर दुवै ठाउँमा यसो गर्न महत्त्वपूर्ण छ।**



**तपाईं घरबाट बाहिर हुँदा तपाईंको नाक र मुख ढाक्न मास्क लगाउनुहोस्।**



**आफ्ना हातहरू बारम्बार धुनुहोस् वा कम्तीमा 60% अल्कोहल भएको ह्यान्ड सेनिटाइजर प्रयोग गर्नुहोस्।**


**आफ्नो स्वास्थ्यको ख्याल राख्नुहोस्: यदि तपाईं बिरामी महसुस गर्नुहुन्छ**



**भने COVID-19 को लक्षण खोज्नुहोस् र आफ्नो तापक्रम लिनुहोस् ।**




**यदि तपाईं बिरामी हुनुहुन्छ भने, डाक्टरलाई भेट्नु भन्दा पहिले फोन गर्नुहोस्।**



**यदि तपाईंसँग प्रश्नहरू छन् भने तपाईंको रिसेटलमेन्ट एजेन्सी केस कार्यकर्तालाई सम्पर्क गर्नुहोस्।**

# निम्न समावेश हुन सक्ने COVID-19 का लक्षणहरूको जाँच गर्नुहोस्:



**खोकी लाग्ने, श्वास-प्रश्वासमा कमी वा श्वास फेर्नमा कठिनाई हुने**

**ज्वरो आउने वा चिसो लाग्ने**



**मांसपेशी वा शरीर दुख्ने**

**वान्ता हुने वा पखाला लाग्ने**

**स्वाद वा गन्धको संवेदनमा नयाँ ह्रास**

लक्षणहरू मध्यमदेखि गम्भीर बिमारीसम्म दायर हुन सक्छन् र तपाईं COVID-19 निम्त्याउन सक्ने भाइरसको सम्पर्कमा आएपछि 2-14 दिनमा देखा पर्न सक्छन्। यो सूचीले सम्भावित सबै लक्षणहरू समावेश गर्दैन। कृपया अन्य कुनै पनि लक्षणहरू गम्भीर भएमा वा तपाईंसँग सम्बन्धित भएमा आफ्नो चिकित्सकलाई फोन गर्नुहोस्।



**आफ्नो स्वास्थ्यको ख्याल राख्नुहोस्: यदि तपाईं बिरामी महसुस गर्नुहुन्छ भने COVID-19 को लक्षण हेर्नुहोस् र आफ्नो तापक्रम लिनुहोस्। ज्वरो 100.4°F/38°C वा बढी छ।**

**COVID-19 सँगै, ज्वरो आउन र जान सक्छ र केही मानिसमा ज्वरो आउँदै आउँदैन। ज्वरो केही अन्तर्निहित मेडिकल अवस्थाहरु, बुढेसकालमा वयस्कहरू वा एसिटामिनोफेन, प्यारासिटामोल वा आइबुप्रोफेन जस्ता केही खास ज्वरोलाई कम गर्ने औषधी लिने मानिसहरूमा कम देखिने सम्भावना हुन्छ।**

कसैलाई **COVID-19 का आपतकालीन चेतावनी संकेतहरू भएको छ भने तुरुन्तै चिकित्सा स्याहार खोज्नुहोस्।**

- श्वास-प्रश्वासमा कठिनाई हुने
- छातीमा निरन्तर दुखाइ वा चाप हुने
- नयाँ दुविधा हुने
- उठ्न वा जागा रहन नसक्ने
- ओठ वा अनुहार निलो हुने

## ज्वरो, खोकी वा COVID-19 का अन्य लक्षणहरूसँगै बिरामी हुनुभएमा:



**घरमा बस्नुहोस्।** जबसम्म तपाईंको लागि घर आइसोलेसन समाप्त गर्न सुरक्षित हुँदैन, तबसम्म अरूसँग सम्पर्क नगर्नुहोस्।



**तपाईंलाई COVID-19 भएको हुन सक्छ;** धेरै व्यक्तिहरू घरमै उपचार बिना नै निको हुन सक्नुहुन्छ।



**चिकित्सकसँग कुरा गर्न दोभाषेको आवश्यकता हुने जस्ता मद्दत आवश्यक भएमा,** तपाईंको रिसेटमेन्ट एजेन्सी केस कार्यकर्तालाई फोन गर्नुहोस्।



**आफ्नो चिकित्सकसँग सम्पर्कमा रहनुहोस्।**
यदि तपाईं आफ्नो लक्षणहरूको बारेमा चिन्तित हुनुहुन्छ भने, तपाईं डाक्टरको अफिस वा आपतकालीन कोठामा जानु अघि फोन वा टेक्स्ट गर्नुहोस्। उनीहरूलाई तपाईंको भर्खरको यात्रा र तपाईंको लक्षणहरूको बारेमा बताउनुहोस्।




**यदि तपाईंमा आपतकालीन चेतावनीमूलक संकेत देखिएको छ (सास फेर्दा समस्या हुने सहित) भने,** तुरुन्तै आपतकालीन चिकित्सा सेवा लिन 911 मा फोन गर्नुहोस्। उनीहरूलाई तपाईंको भर्खरको यात्रा र तपाईंको लक्षणहरूको बारेमा बताउनुहोस्।



**यदि तपाईं कसैसँग नजिकको आवासमा बस्नुहुन्छ भने, उहाँलाई पनि सुरक्षित राख्न थप सुरक्षा अपनाउनुहोस्।**


तपाईंलाई निश्चित वा सम्भावित रूपमा COVID-19 भए पश्चात तपाईं अन्य व्यक्तिहरूको वरिपरि कहिले रहन सक्नुहुन्छ भनी थाहा पाउनुहोस्।

यहाँ थप जान्नुहोस्: https://bit.ly/endhomeisolation

**COVID-19 बारे थप जानकारीका लागि, https://bit.ly/nativelanguage मा हेर्नुहोस्।**


# तपाईंको तापक्रम कसरी लिने

1



स्क्रिनको नजिकैको बटनमा थिचेर थर्मोमिटर अन गर्नुहोस्।

2



थर्मोमिटर नबज्दासम्म यसको टुप्पोलाई जिब्रोको तल राख्नुहोस्। थर्मोमिटर नटोक्नुहोस्।

3



स्क्रिनमा आफ्नो तापक्रम हेर्नुहोस ।

4



आफ्नो तापक्रम रेकर्ड गर्नुहोस्।


5



**कृपया नोट गर्नुहोस:** ४ बर्ष मुनिको बालबालिकालाई, बच्चाको काखी मुनि बिचमा थर्मोमिटर राख्नुहोस।

स्क्रिनमा आफ्नो तापक्रम हेर्नुहोस्।

6



थर्मोमिटरलाई साबुन पानी वा अल्कोहल प्याडले सफा गर्नुहोस्।

# मद्दत कहाँ लिने

यदि तपाईंसँग प्रश्नहरू भएमा वा केही मद्दत चाहिएमा तपाईंको रिसेटलमेन्ट एजेन्सी केस कार्यकर्तालाई फोन गर्नुहोस्। उनीहरूको सम्पर्क जानकारी तल रेकर्ड गर्नुहोस्।

**रिसेटलमेन्ट एजेन्सी केस कार्यकर्ता सम्पर्क जानकारी**

नाम:

फोन नम्बर:



**COVID-19 बारे थप जानकारीका लागि, https://bit.ly/nativelanguage मा हेर्नुहोस्।**

